# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २२ सितम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीको अमरीका यात्राको अवसरमा अमरीकाले भारतबाट चोरी तथा तस्करी गरिएका 2 सय ६७ कलाकृतिहरु फरकाउने निर्णय गरेको छ।

२. विश्व स्तरमा एक पल्ट फेरि पश्चिम बंगाल सरकारको रुपश्री अनि कन्या श्री परियोजनाहरुको सराहना गरिएको छ।

३. कंग्रेसले पश्चिम बंगाल प्रदेश कंग्रेस अध्यक्ष पदबाट अधीर रञ्जन चौधरीलाई हटाएको छ।

४. दार्जीलिङ हिमालयन रेलवे (डी.एच.आर) का अधिकारीहरूले नयाँ गाइडलाइन जारी गर्दै आगामी ३० सितम्बतसम्मको लागि टोय ट्रेन सेवालाई रद्द गरिदिएको छ।

५. चियाबगान मालिकहरूले दार्जीलिङ पहाड़का चिया श्रमिकहरूलाई २० प्रतिशतको दरले बोनस दिन अस्वीकार गरे आगामी २७ सेप्टेम्बरको दिन पार्वत्य श्रमिक संगठन समन्वय समितिले श्रमिक शक्ति प्रदर्शन गर्ने चेताउनी दिएको छ।

**प्रधानमंत्री अमरीका यात्रा-कलाकृति**

प्रधानमंत्री नरेन्द्र मोदीको अमरीका यात्राको अवसरमा अमरीकाले भारतबाट चोरी गरिएको तथा तस्करी गरिएका 2 सय ६७ कलाकृतिहरु फरकाउने निर्णय गरेको छ। यी कलाकृतीहरु चाँड़ै नै भारत पठाइनेछ। उल्लेखनीय छ, यी पुरावशेष लगभग ४००० वर्ष पुराना हुन् जो २००० ईसा पूर्वदेखि १९०० ई सम्म फैलिएको छ र यिनीहरूको इतिहास भारतका विभिन्न भागहरूबाट छन्। अधिकांश पुरावशेष पूर्वी भारतको टेराकोटा कलाकृतिहरू हुन् जबकि अन्य ढुंगा, धातु, दाउरा र हात्तीदाँतले बनेको छ र देशका विभिन्न भागहरूसित सम्बन्धित छन्। सुम्पिएका केही उल्लेखनीय पुरावशेष यस प्रकार छन्- दक्षिण भारतबाट कांस्यको भगवान गणेश जुन १७-१८ औं शताब्दी इश्वीको हो। उत्तर भारतबाट सेन्डस्टोनको भगवान बुद्ध जुन १५-१६ औं शताब्दी इश्वीको हो।

****** ० ******

**पश्चिम बंगाल परियोजना**

विश्व स्तरमा एकपल्ट फेरि पश्चिम बंगाल सरकार को रूपश्री अनि कन्याश्री परियोजनाहरुको सराहना गरिएको छ। संयुक्त राष्ट्रको सांस्कृतिक शाखा यूनिसेफले रूपश्री और कन्याश्रीको सराहना गरेको छ। यस बारेमा मुख्यमंत्री ममता बनर्जीले आज आफ्नो एक्स हैंडलमा पोस्ट गर्नु हुँदै लेख्नु भएको छ, पश्चिम बंगाल सरकारको सामाजिक परियोजनाहरुलाई यूनिसेफबाट सराहना प्राप्त भएको छ। यस बिषयलाई साझा गर्न पाउँदा आफु खुशी रहेको उहाले लेख्नु भएको छ। केहि दिन अघि यूनिसेफद्वारा इम्पैक्ट ईस्ट २०२४ कॉन्क्लेवको आयोजन गरिएको थियो। कार्यक्रममा कन्याश्री, रुपश्री जस्ता परियोजनाहरुको स्मरण गरियो। सम्मेलनको मञ्चमा राज्यमा सामाजिक सेवाका काममा यस्ता आयोजनाको महत्वमाथि प्रकाश पारिएको थियो

****** ० ******

**पश्चिम बंगालको वित्तीय**

पश्चिम बंगाल भाजपाका पूर्व अध्यक्ष दिलीप घोषले राज्य सरकारमाथि फेरि लक्षित गर्दै केन्द्र सरकारको एक रिपोर्टको आधारमा आफ्नो एक्स ह्याण्डलमा लेखेका छन्, पश्चिम बंगालको वित्तीय स्थिति चिन्ताजनक छ। प्रतिव्यक्ति आयमा ठूलो ह्रास आएको छ। मानिसहरूको आय सीमित छ तथा राष्ट्रप्रति राज्यको योगदान धेरै कम भएको छ। वर्ष १९६० मा १०.५ प्रतिशतदेखि घटेर यस वर्ष २०२४ मा ५.६ प्रतिशतसम्म पश्चिम बंगालको जीडीपी अंशदारीमा व्यापक ह्रास आएको छ। दिलीप घोषले अझ लेखेका छन्, मुख्यमन्त्री ममता ब्यनर्जीले मानिसहरूलाई गलत जानकारी दिएर भ्रमित पारिरहेकी छन्। तृणमूल सरकारले वाम मोर्चाको विनाशकारी नीतिहरूलाई अघि बढ़ाएको छ फलस्वरूप पश्चिम बंगाल प्रवासी मजदुरहरूको भूमि बन्न पुगेको छ। श्री घोषले बताए कि जबसम्म सुश्री ममता ब्यनर्जी सत्तामा रहन्छन् तबसम्म यो निराशाजनक परिदृश्य परिवर्तन हुने छैन।

## अधीर रञ्जन चौधरी

कंग्रेसले पश्चिम बंगाल प्रदेश कंग्रेस अध्यक्ष पदबाट अधीर रञ्जन चौधरीलाई हटाएर शुभङ्कर सरकारलाई नयाँ अध्यक्ष नियुक्त गरेको छ। शनिवार राती कंग्रेसले यसो घोषणा गऱ्यो। यसलाई बंगालको राजनीतिमा ठूलो परिवर्तन मानिँदैछ। मल्लिकार्जुन खड़गे कंग्रेस अध्यक्ष भएपछि प्रदेश कंग्रेस कमिटीमा परिवर्तन लगभग निश्चित थियो। गत लोकसभा चुनाउमा मुर्शिदाबादबाट चुनाउमा पराजित भएका अधीर रञ्जन चौधरीले पहिला नै संकेत दिइसकेका थिए कि उनले केवल अस्थायी अध्यक्ष-को रूपमा काम गरिरहेका छन्। उनी परास्त भएदेखि नै अब प्रदेश कंग्रेस अध्यक्षको पद कसलाई दिइनेछ भन्ने कुरामा अडकलबाजी चलिरहेथ्यो। अन्ततः दिल्लीबाट अधीरलाई हटाउने निर्णय लिँदै उनको स्थानमा शुभंकर सरकारलाई अध्यक्षको जिम्मेवारी सुम्पिइयो।

****** ० ******

## डीभीसी

पश्चिम बंगालको विध्युत सचिव शांतनु बसुले दामोदर घाटी निगम (डीवीसी) को निदेशक मंडलबाट अनि राज्यको सिंचाई तथा जलमार्गको मुख्य अभियंताले दामोदर घाटी जलाशय विनियमन समिति (डीवीआरआरसी) बाट राजीनामा दिएका छन्। अधिकारीहरुले आज यो जानकारी दिएका हुन्। दामोदर घाटी निगम (डीवीसी) का जलाशयहरुबाट पानी छोड़िनलाई लिएर पश्चिम बंगाल सरकार अनि केंद्र बीच चलिरहेको गतिरोध बीच यो राजीनामा आएको हो।

****** ० ******

## अनित थापा- बोनस ,

चिया श्रमिकहरूलाई उचित दरको बोनस दिलाउन उत्तेजित बनेर होइन बुद्धिमानी बनेर लड्ने जीटीएका प्रमुख कार्यपाल अनित थापाले आह्वान गर्नु भएको छ। यसका साथै उहाँले 20 प्रतिशत दरको बोनसको लागि हाल चियाबगानहरूमा भइरहेको गेट मिटिङहरूमा आफ्ना सभासद, पञ्चायत सदस्यहरूलाई पनि सहभागिता जनाएर चिया श्रमिकहरूको हौसला बढ़ाइदिने अपील पनि गर्नु भएको छ। उल्लेखनीय छ शुक्रबार सिलगढ़ीको श्रमिक भवनमा बसेको त्रिपक्षीय बोनस बैठक निष्कर्ष बिना नै टुंगिन पुगेको थियो। अतिरिक्त श्रम आयुक्तले डाकेको उक्त बैठकमा ट्रेड युनियनहरू 20 प्रतिशत बोनस दिनुपर्ने मागमा अडिग रहे भने मालिक पक्षले 9.55 प्रतिशत भन्दा धेर बोनस दिन नसक्ने जनाएको थियो।

****** ० ******

## पार्वत्य श्रमिक संगठन

चियाबगान मालिकहरूले दार्जीलिङ पहाड़का चियाश्रमिकहरूलाई २० प्रतिशतको दरले बोनस दिन अस्वीकार गरे आगामी २७ सेप्टेम्बरको दिन पार्वत्य श्रमिक संगठन समन्वय समितिले श्रमिक शक्ति प्रदर्शन गर्ने चेताउनी दिएको छ। जसमा चिया श्रमिकहरूलाई सामेल गराएर जुलूस निकाल्ने तय गरिएको समितिका एक कार्यकर्ता जेबी तामाङले बताएका छन्। उक्त श्रमिक शक्ति प्रदर्शनपछि पनि चियाबगान मालिकपक्षले आफ्नो ढिट्पन नछोड़ेको खण्डमा त्यसै दिन भावी कार्यक्रम पनि तय गर्ने योजना बनाइएको उहाँले बताउनु भएको छ। यसका साथै उहाँले भोलिदेखि पुनः प्रत्येक चियाबगानमा गेट मिटिङ गर्ने निर्णय गरिएको पनि बताउनु भएको छ। चियाश्रमिकहरूको बोनसबारे अहिलेसम्म पनि चियाबगान मालिकवर्गले कुनै छलफल नगरेको विरोधमा आज दार्जीलिङमा पार्वत्य श्रमिक संगठन समन्वय समितिको एक बैठक सम्पन्न भयो। यस समितिमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चादेखि गोजमुमो, माकपा, क्रामाकपा साथै अन्य पार्टीका श्रमिक संगठनहरू पनि सामेल छन्।

****** ० ******

## आकाशवाणी सर-सफाई

आकाशवाणी खरसाङको क्षेत्रीय समाचार एकांशद्वारा खरसाङको लोकप्रिय पर्यटन स्थल इगल्स क्रेग- दुर्बिन डाँड़ामा स्वच्छता अभियान चलाइयो। स्वच्छता अभियानका लागि आकाशवाणी समाचार सेवा प्रभागको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन क्षेत्रका नोडल अधिकारी अनि खरसाङ समाचार एकांशका प्रमुख अशोक चौरसियाको अगुवाई अनि संयोजक गोपाल मुखियाको सहयोगमा आज बिहान 10 बजीदेखि 11:30 बजीसम्म इगल्स क्रेग परिसरमा सर-सफाई गरियो। जसमा समाचार विभागका सहकर्मीहरू सबिता छेत्री देवेन मगर र अजित विश्वको विशेष योगदान रहेको थियो। स्मरण रहोस प्रधानमंत्री नरेन्द्र मोदीको

आह्वानमा देशभरि स्वच्छता अभियान गत 17 सेप्टेम्बर देखि शुरू गरिएको छ जो 2 अक्टोबरसम्म चल्नेछ। यसै क्रममा आगामी दिनहरूमा दार्जिलिंग मिरिक र कालेबुङमा पनि यो अभियान चलाइनेछ।

****** ० ******

**कालेबुङ हाट**

आकास जनसेवा सहकारी समिति र अनुष्ठान परिवारको आयोजनामा कालेबुङको अतिसा रोडमा सातान्त बिसौनी हाट सुरु भएको छ। यस हाटको उद्घाटन कार्यक्रममा ३५ नम्बर समष्टिका सभासद सुमन गुरुङ प्रमुख अतिथिका रूपमा उपस्थित थिए। उद्घाटनको अवसरमा विभिन्न स्थानबाट आएका पर्यटकहरूको बाक्लो उपस्थिति थियो। यो हाटको मुख्य उद्देश्य स्थानीय युवाहरूलाई व्यवसायमा प्रोत्साहित गर्नु बाहिरी पर्यटकलाई आकर्षित गर्नु र स्थानलाई घुमफिर तथा बिसाउने आकर्षक केन्द्रका रूपमा विकास गर्नु रहेको बताइएको छ।

****** ० ******

**शेर्पा बुद्धिष्ट एसोसिएशन**

शेर्पा बुद्धिष्ट एसोसिएशन एवं गुम्बाको सफलतापूर्वक 100 वर्ष पुरा भएको अवसरमा आज दार्जीलिङको गोर्खा रङ्गमञ्च भवनमा शतवार्षिकी कार्यक्रम सम्पन्न भयो। सन् 1924 मा स्थापना भएको यस एसोसिएशनले 100 वर्ष पूरा गरेको अवसरमा संगठनले गत केही समय अघिदेखि नै विभिन्न सामाजिक कार्यहरू गर्दै आइरहेको थियो। यस समारोहमा सिक्किम विधानसभा अध्यक्ष एमएम शेर्पा, जीटीएका प्रमुख कार्यपाल अनित थापा लगायत अन्य गण्यमाण्य व्यक्तिहरूको उपस्थिति रहेको थियो।

****** ० ******

************